मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : २३९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ साउन १२ गते सोमवार (Monday, July 27. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

सूचना

लोक सेवा आयोगको अग्रगामी सोच परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम् व्यक्तिको छनौट ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## प्रहरीलाई कोरोना देखिएपछि 'रानी' शिल

**मोरङमा स्वास्थ्य सुरक्षा प्रोटोकल कार्यान्वयनमा कडाई**

**मोरङ, साउन ११।** प्रदेश १ प्रहरी कार्यालय विराटनगरस्थित रानी शिल गरिएको छ ।

१९ जना प्रहरीमा कोरोना संक्रमण पुष्टि भएपछि रानीलाई शिल गरिएको हो । बिराटनगरस्थित डीआईजी कार्यालयमा कोरोना संक्रमण जोखिम बढेपछि कार्यालयलाई अघोषित शिल गरिएको जनाएको छ ।

प्रहरीहरुमा समेत लक्षण देखिन थालेपछि कार्यालयमा बाहिर र भित्र आवतजावत बन्द गरिएको १ नम्बर प्रदेश प्रहरी कार्यालयका प्रमुख ईश्वरीबाबु कार्कीले जानकारी दिए । प्रहरी उपरीक्षक कार्कीले सबैलाई क्वारेन्टिन बस्न निर्देशन दिएको बताए ।

व्यारेकमा नबसी कोठा भाडामा बस्ने र कार्यालयमै बस्नेलाई पनि अन्यत्र हिँड्डुलमा प्रतिबन्ध लगाइएको हो । प्रहरी कार्यालयको दैनिक कामकाज अनलाइन प्रणालीबाट मात्रै हुँदै आएको छ । कार्यालयमा कार्यरतमध्ये १४३ जनाको स्वाव संकलन गरी परीक्षणका लागि पठाइएको छ । प्रदेश १ प्रहरी कार्यालयमा १६० जनाको दरबन्दी रहेको छ ।

यसैबीच प्रदेश १मा आइतबार मात्रै ३१ जना कोरोना संक्रमित थपिएका छन् । मोरङमा २२ र इलाममा ९ जनामा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । मोरङका संक्रमित बिराटनगरका १९ पुरुष र ३ महिला हुन् । १९ पुरुष सबै प्रहरी हुन् । इलामको इलाम नगरपालिकामा आठ र माईमा एक पुरुषको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । प्रदेश १ मा कोरोना संक्रमितको संख्या ९ सय २२ पुगेको छ ।

प्रदेश १मा आइतवार १२ जना डिस्चार्ज भएका छन् । कोशी अस्पताल कोभिड १९ उपचार केन्द्रमा उपचाररत् आठ महिला र चार पुरुष डिस्चार्ज भएका हुन् । प्रदेश १मा डिस्चार्ज हुनेको संख्या ७ सय ४७ पुगेको छ ।

यसैबीच विराटनगर महानगरपालिकाले स्वास्थ्य सुरक्षा प्रोटोकल कार्यान्वयनमा कडाई गर्ने निर्णय गरेको छ । कोरोना भाइरस (कोभिड-१९) संक्रमण समुदायस्तरमा फैलन सक्ने सम्भावनालाई मध्यनजर गर्दै महानगरले सामाजिक दूरी र स्वास्थ्य सुरक्षा सचेतना पालनामाा कडाई गरिने भएको हो ।

आइतबार बसेको उच्चस्तरीय समन्वय समितिको बैठकले कोरोना संक्रमणको समुदायस्तरको रोकथामका लागि अपनाउनुपर्ने सबै विधि कडाईपूर्वक कार्यान्वयन गरिने निर्णय गरेको छ । महानगरपालिकाका मेयर भीम पराजुलीले संक्रमण समुदायस्तरमा पुग्न नदिन अपनाउनु पर्ने स्वास्थ्य प्रोटोकलमा कडाई गरिने जानकारी दिए ।

बैठकले भिन्नै कार्यदल बनाएर समुदायस्तरमा कोरोना संक्रमण रोकथाम र नियन्त्रणका लागि अपनाउनु पर्ने विधिको अनुगमन तथा कार्यान्वयन गराउने निर्णय गरेको छ । महानगर क्षेत्रभित्रका पसलका सञ्चालक तथा कामदारले अनिवार्य रुपमा मास्क लगाउनुपर्ने निर्णय गरिएको छ । महानगरले गठन गरेको कार्यदलले नियमित अनुगमन गर्दा पहिलोपटक मास्क नलगाएको अवस्थामा भेटिएका व्यवसायी तथा कामदारलाई १० रुपैयाँ लिएर मास्क उपलब्ध गराइने छ । यदि दोस्रोपटक समेत मास्क नलगाएको र स्वास्थ्य सुरक्षा प्रोटोकल नअपनाएको पाइएमा १५ दिनका लागि पसल बन्द गरिने निर्णय गरिएको छ ।

यसैगरी महानगरपालिका कार्यालयसहित वडा

(बाँकी अन्तिम पृष्ठमा)

# 'बाँच्दैन भनेको ध्रुव मुलुकको प्रधानमन्त्री भयो'



प्रधानमन्त्री ओलीका बुबा मोहनप्रसाद ।



भद्रपुर–१ पृथ्वीनगरमा रहेको प्रधानमन्त्री ओलीका बुबा बस्ने घर ।

**बिर्तामोड, साउन ११।** चिना हेर्दै एक जना ज्योतिषले छोरा जन्मिए पनि बाँच्दैन भनेको अहिलेसम्म बिर्सिएका छैनन्, झापा भद्रपुर नगरपालिका-१ पृथ्वीनगरका ९१ वर्षीय मोहनप्रसाद ओलीले । 'भरिसक्के छोरा जन्मदैन, जन्मिहाले राम्रो चाहिँ हुँदैन'- ढुङ्गेल थरका एक जना ज्योतिषलाई आमाले चिना देखाउँदा यसै भनेका थिए ओलीले भने- त्यसको १२/१५ दिनपछि छोरो जन्मियो आमाले मलाई सुनाउनु भयो तेरो छोरो जन्मियो । म पनि दुई वर्ष अघिदेखि पात्रो हेर्थें, बिगत सम्झँदै ओलीले भने- पात्रो हेर्दै धुलौटामा कोरेर कुण्डली बनाएँ, अनि आमालाई भने छोरो बाँच्दैन होइन, सके राजा हुन्छ नसके पनि राजामुनिको भन्दैछ ग्रहले- मैले आमालाई यसैगरी सुनाएँ ।

'लग्नदेखि सातौं थलामा वृहस्पति चन्द्रमासँग बस्यो भने र बाह्रौ थलामा शुक्र सूर्यसँग बस्यो भने त्यो राजै हुन्छ तर, यसको शुक्रचाहिँ सूर्यसँग अली बस्न सकेन, चन्द्रमा वृहस्पतिसंग नै बस्यो, त्यसो हुँदा राजा नभए पनि राजा भन्दामुनिको हुन्छ, ग्रहले त्यसैभन्छ' मर्ने त कुरै आएन त्यो दिन आमालाई भनेको थिएँ- मोहनप्रसादले भने ।

२००८ साल फागुनमा जन्मिएको थियो ध्रुब- मोहनप्रसादले भने- पछि असारमा पहाडका ठाउँमा चोयाले बनाएको कोक्रामा सुताएर आमा चुच्चेको धारामा पानी लिन गइछ, आएर कोक्रामा सुताएको छोरालाई हेर्दा खुट्टामा पुच्छर टाउकोमा टाउको पारेर सर्प बसेको रहेछ । आत्तिएर पानीको गाग्रो छाड्दा म पनि कटेरामा थिए, दगुरेर आएँ, आउँदा सेतो सर्प बसेको रहेछ, आफैं गयो ।

हामी आत्तिएपछि छिमेकी थपलिया पनि घाँस काट्न छाडेर आए । गाउँघरका सबै भेला भए । कसैले सर्प मार्न लाठी लिए, कोही नानी हेर्न लागे । सर्प मार्न खोज्दा एक जना पाठक थरका जसलाई धामी पाठक भन्थे उनैले सर्प मार्न दिएनन् - विगत सुनाउँदै मोहनप्रसादले भने । धामी पाठकले पनि त्यो बेला भनेका थिए, यो नानी सके राजा हुन्छ नसके राजामुनिको । नभन्दै आज मेरो जेठो छोरो खड्ग मुलुककै उच्च पदमा छ- मोहनप्रसादले भने ।

मोहनप्रसाद ओलीका जेठा छोरा खड्गप्रसाद अर्थात् केपी शर्मा ओली अहिले मुलुकको प्रधानमन्त्री छन् । बाल्यावस्थामै आमा गुमाएका ओलीलाई हजुरआमाले हुर्काएको मोहनप्रसादले बताए ।

झापाको प्रतिनिधित्व गर्दै दोस्रोपटक प्रधानमन्त्री बनेका ओली अहिले सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र देखिएको ठूलै रस्साकसीमा रुमल्लिएका छन् । दाहाल-माधव नेपाल पक्षले ओलीले प्रधानमन्त्री र पार्टी अध्यक्ष दुवै पदबाट राजीनामा गर्नुपर्ने माग गरेपछि नेकपामा सत्ताको किचलो उत्कर्षमा छ । यही किचलोभित्र रुमल्लिएका ओलीलाई पार्टीभित्रको हानाहानले केही नगर्ने उनका वुवाको बुझाइ छ ।

भद्रपुर नगरपालिका-१ पृथ्वीगरमा मोहनप्रसादसँग कान्छा छोरा जयप्रसाद बस्छन् । ९१ वर्षीय मोहनप्रसादलाई भेट्न पूर्वाञ्चलकर्मी उनकै निवासमा पुग्दा उनले आफू अहिलेसम्म पूर्ण स्वस्थ रहेको बताए पनि बेला-बेला राजनीतिक उतारचढाव हुँदा जेठो छोरा ध्रुवको पीर लाग्ने गरेको उनले बताए ।

छोराका ग्रह बलिया छन्- मोहनप्रसादले भने- छोराका ग्रहले नै गर्दा अझै तीन वर्षसम्म कसैले केही गर्न सक्दैनन् । यदि केही गरिहाले अझै सात बर्षसम्म मुलुक हाक्ने योग छ । त्यो ग्रहले नै गराउँछ । आफू ज्योतिष विद्यामा विश्वास राख्ने बताउँदै आफ्नो परिचय समेत श्लोकमा नै दिएका मोहनप्रसादले पूर्वाञ्चलकर्मीलाई यसरी सुनाए ।

*१९८७ साल बुझ्नु मंसीर महिनामा*
*२ गते शुक्रवार अष्टमी तिथि जन्म भएछ त्यहाँ ।*
*पूर्बै फाल्गुणी भो नक्षत्र गुण दाशी मैत राशी भयो*
*राशीबाट जुराई ज्योतिषमा मोहनप्रसाद नाम रह्यो ।*
*त्यस्तै वाल्य अवस्था पनि बितिगयो ५/७ वर्ष गरी*
*आठै वर्षमा अक्षर त पँढे साउ मात्रै बाह्रखरी ।*
*दशौ वर्षमा त गुरुले पाठै दिए चण्डीको*
*१३ वर्षमा त कण्ठ हुन गो चण्डी समेत रुद्रीको ।*
*१४ वर्षमा विवाह पनि भो याङ्रुपको सुभाङमा*
*छोरी खरेलकी रहिछन् बुझ्दा जन्मेकी च्याङ्थापुमा ।*
*च्याङ्थापुको जन्म रहेछ उनको छोरी खरेलकी भई*
*आमाको परलोक भएछ पहिलै हुर्कीछन् मावलमा ।*
*सुवाङमा घर हो उप्रेती थर हो मावली उनका थिए*
*पाली डाली बनाई भान्जी बहिष्णव विवाह पनि गर्दिए ।*
*विवाह भो हामी दुईको बुझ्नु २००१ सालमा*
*फागुनको महिना रहेछ बुझदा गते चाहिँ १८ मा ।*
*त्यस्तैमा अरु दिन बिते वुझनुहोस् १६ वर्षको भएँ*
*ज्योतिष पढ्न बिचार भएर म धाएर ह्वाकू गए ।*
*ह्वाकूमा घर हो विमली थर हो ज्योतिषी उनी थिए*
*दुना अंक जोड घटाउ जति हो उनैले सिकाई दिए ।*

प्रधानमन्त्री ओलीका वुवा ९१ वर्षको उमेरमा अहिले पनि उत्तिकै ज्योतिषको काम गर्दै आएका छन् । कान कम सुने पनि उनका आँखामा अझै तेज छ । तेजिला

(बाँकी अन्तिम पृष्ठमा)

## इलाममा डेढ अर्ब फ्रिज

**इलाम, साउन ११।** इलाममा आर्थिक वर्ष ०७६।७७ मा १५ प्रतिशत अर्थात् करिब डेढ अर्ब बजेट फ्रिज भएको छ । कोष तथा लेखा नियन्त्रक कार्यालय इलामका अनुसार संघीय र प्रदेश सरकारबाट आएको १ अर्ब ४० करोड ८६ लाख ४५ हजार ६ सय ३२ रुपैयाँ फ्रिज भएको हो ।

जिल्लामा संघ र प्रदेश सरकारबाट ९ अर्ब ४४ करोड, २९ लाख ७६ हजार २ सय १३ रुपैयाँ आएको थियो । जसमध्ये ८ अर्ब ३ करोड ४३ लाख ३० हजार ५ सय ८१ रुपैयाँ मात्र खर्च भएको कोष नियन्त्रक कार्यालय इलामले जनाएको छ । चालूतर्फ ९५ प्रतिशत अर्थात ६ अर्ब १५ करोड १४ लाख २२ हजार रुपैयाँ रकम खर्च भएको छ भने पुँजीगततर्फ ६२ प्रतिशत अर्थात् १ अर्ब ८८ करोड २९ लाख ८ हजार ५ सय ७७ रुपैयाँ खर्च भएको छ ।

संघीय सरकारबाट प्राप्त बजेटको ८६ प्रतिशत रकम मात्रै खर्च भएको छ । चालूतर्फ ९७ प्रतिशत अर्थात ५ अर्ब ४३ करोड ७१ लाख ९८ हजार एक सय ४३ रुपैयाँ खर्च भएको छ भने पुँजीगततर्फ ५५ प्रतिशत अर्थात १ अर्ब ९ करोड ११ लाख ७७ हजार तीन सय ८० रुपैयाँ मात्रै खर्च भएको छ ।

प्रदेश सरकारबाट प्राप्त बजेटको ७८ प्रतिशत रकम खर्च भएको छ । प्रदेश सरकारले १ अर्ब ९२ करोड ७९ लाख १४ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो । त्यसमध्ये १ अर्ब ५० करोड ५९ लाख ५५ हजार ५५ रुपैयाँ खर्च भएको छ । त्यसमा चालूतर्फ ८२ प्रतिशत अर्थात ७१ करोड ४२ लाख २३ हजार ८ सय ५७ रुपैयाँ र पुँजीगततर्फ ७४ प्रतिशत अर्थात ७९ करोड १७ लाख ३१ हजार १ सय ९७ रुपैयाँ खर्च भएको छ । अघिल्लो वर्ष संघीय सरकारको १४ प्रतिशत र प्रदेश सरकारको २२ प्रतिशत बजेट फिर्ता भएको थियो ।

**६१ करोड राजश्व संकलन**

कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रारम्भिक प्रतिवेदनअनुसार इलाममा आर्थिक वर्ष ०७६।७७ मा ६१ करोड ८ हजार १ सय ९२ रुपैयाँ राजस्व संकलन भएको छ ।

जसमध्ये संघतर्फ ५६ करोड ६८ लाख ७२ हजार ४ सय ३ रुपैयाँ र प्रदेशतर्फ ४ करोड ३१ लाख ३५ हजार ७ सय ८८ रुपैयाँ राजश्व संकलन भएको कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रारम्भिक तथ्याङ्कमा उल्लेख छ । अघिल्लो आर्थिक वर्ष २०७५/०७६मा ४९ करोड ८४ लाख ३७ हजार १९ रुपैयाँ राजश्व संकलन भएको थियो । त्यसमा संघतर्फ ४४ करोड ७० लाख ९३ हजार नौसय ६५ रुपैयाँ रकम र प्रदेशतर्फ ५ करोड १३ लाख ४३ हजार ५४ रुपैयाँ राजश्व संकलन भएको थियो ।

कोरोना भाइरस (कोभिड १९) को सम्भावित संक्रमणबाट बच्न सरकारले गरेको लकडाउनका कारण आर्थिक क्रियाकलाप प्राय ठप्प हुँदा समेत जिल्लाको राजश्व संकलनमा वृद्धि भएको छ ।

संघतर्फ करदाता सेवा कार्यालयले सवैभन्दा बढी ३९ करोड ६७ लाख ७७ हजार चार सय ८१ रुपैयाँ संकलन गरेको छ । जिल्ला प्रशासन कार्यालयले एक करोड ५९ लाख ८९ हजार चार सय ३० रुपैयाँ, कोष तथा लेखा नियन्त्रण कार्यालयमा १० करोड ६१ लाख ५५ हजार तीन सय ९३ र भन्सार कार्यालमा एक करोड ४४ लाख

(बाँकी अन्तिम पृष्ठमा)

# अनुशासन उल्लंघन गर्नेलाई कारवाही

**झापा, साउन ११।** नेपाली कांग्रेसले पार्टी विधानको अनुशासन उल्लंघन गर्नेलाई कारवाही प्रक्रिया तीव्र बनाएको छ ।

[redacted]

ओझालाई पार्टीको विधान अनुसार अनुशासन उल्लंघन गरेको आरोपमा पाँच वर्षका लागि पार्टीबाट निष्काशन गर्ने निर्णय गरेको छ ।

जोशीलाई पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेलविरुद्ध उम्मेदवारी दिएको र ओझालाई पार्टीका आधिकारिक उम्मेदवार आरजु राणा देउवालाई असहयोग गरेको आरोपमा कारवाहीको माग गर्दै उजुरी परेको थियो ।

यसैगरी बैठकले डडेल्धुराका जिल्ला कार्यालय सचिव रामबहादुर विष्टलाई पार्टीको विधानअनुसार अनुशासन उल्लंघन गरेको आरोपमा तीन वर्षका लागि पार्टीबाट निष्काशन गर्ने निर्णय गरेको समितिले जनाएको छ । उनीहरु तीनै जनालाई समितिको गत फागुन १९ गतेको बैठकले कारवाही किन नगर्ने भनी तीन दिनको म्याद राखी अन्तिम स्पष्टीकरण सोधेको थियो ।

निजहरुले दिएको स्पष्टीकरण चित्तबुझ्दो नभएको र केन्द्रीय अनुशासन समितिलाई प्राप्त सबुद प्रमाण अडियो भिडियोको आधारमा तीनै जनाले विधान अनुसार अनुशासन उल्लंघन गरेको आरोपमा पार्टीबाट निष्काशन गर्ने निर्णय गरिएको हो । समितिले यसअघि पार्टीका आधिकारिक उम्मेदवारविरुद्ध स्वतन्त्र उम्मेदवारी दिने, निजका प्रस्तावक र समर्थक गरी जम्मा २७९ जनालाई पाँच वर्षका लागि पार्टीबाट निष्काशन गर्ने निर्णय गरेको नेता गुरुङले जानकारी दिए । समितिले बाँकेका महासमिति सदस्य महेन्द्र मल्ललाई विधान बमोजिम अनुशासन उल्लंघन गरेको भन्दै गत असार २४ गते पाँच वर्षका लागि पार्टीबाट निष्काशन गर्ने निर्णय गरेको थियो ।

यसैगरी समितिले उजुरीसँग सम्बन्धित बाँकी आरोपीलाई पार्टीको वृहत्तर हितमा कार्य गर्न सचेत गराउँदै आगामी दिनमा निजहरुले पार्टीमा खेल्ने भूमिका एवं गतिविधि अनुसार मूल्याङ्कन गर्दै जाने कुरा सूचित गर्ने निर्णय गरेको छ ।

समितिले उजुरीसँग सम्बन्धित आरोपीलाई स्पष्टीकरणको पत्राचार गरिएकामा कतिपय जिल्लाबाट आरोपितहरुलाई पत्र नबुझाएको भन्ने गुनासो आरोपितबाट आएको हुँदा पार्टीका सम्बन्धित जिल्ला सभापतिलाई समेत सचेत गराएको छ । कांग्रेस केन्द्रीय सदस्य भीष्मराज आङ्देम्बे संयोजकत्वको केन्द्रीय अनुशासन समितिमा पार्टीका केन्द्रीय सदस्यहरु उमाकान्त चौधरी, धनराज गुरुङ, किशोरसिंह राठौर र देवेन्द्रराज कँडेल सदस्य हुन् ।

कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं.** १९६०००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# भूवन र साम्राज्ञीको विवाद नयाँ मोडमा

नायिका साम्राज्ञी राज्यलक्ष्मी शाह र नायक तथा निर्देशक भूवन केसीको सामाजिक सञ्जालबाट शुरु भएको वाकयुद्ध अब अदालतसम्म पुगेको छ । नायक केसीले १० करोड क्षतिपूर्तिको दाबी गर्दै जिल्ला अदालत काठमाण्डौमा मुद्दा दायर गरेपछि उनीहरुको आरोप-प्रत्यारोपले नयाँ मोड लिएको हो ।

नायक केसीले साम्राज्ञीले आफ्नो इज्जतमा ठेस पुर्‍याएको, मानहानी गरेको लगायतका उजुरीसहित मुद्दा दर्ता गरेका हुन् । उसो त, साम्राज्ञी र भूवनको बिषय अदालतसम्म पुग्नुपर्ने थिएन भन्ने पनि चलचित्रकर्मी बताउँछन् । तर, नायक केसीले अब अदालतबाट नै जे फैसला हुन्छ, सोही कुरालाई स्वीकार गर्ने भन्दै मुद्दा दर्ता गरे । साम्राज्ञी र भूवनको बिषयमा केही चलचित्रकर्मीहरुले पनि आफ्नो धारणा सार्वजनिक गरेका थिए ।

उनै, साम्राज्ञीले भूवनले मुद्दा दर्ता गरेको भोलिपल्ट



सामाजिक सञ्जालमा लेखिन्- 'डर भन्दा विश्वास र निष्ठाको साथमा अगाडि बढ्नुछ ।' साम्राज्ञीले २१औं शताब्दिको महिला भएको भन्दै डर भन्दा आफूमाथि विश्वास आवश्यक रहेको उल्लेख गर्न खोजेकी छिन् ।

चलचित्र 'ड्रिम्स'को छायांकनका क्रममा आफूमाथि पक्षपात भएको भन्दै आवाज उठाएकी साम्राज्ञीले जापानको एक अवार्डमा भूवन केसीले आफूसँग नजिक भएर, गाला जोडेर बोल्न खोजेको आरोप लगाएकी थिइन् । यसपछि, भूवन र साम्राज्ञीबीच सामाजिक सञ्जालमा आरोप-प्रत्यारोप चर्किएको थियो ।

# अमेरिका लैजान्छु भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं, साउन ११।** अमेरिका लैजाने प्रलोभनमा पारी रकम ठगी गरेको अभियोगमा दुई जनालाई महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा भक्तपुर रोजभिलेज कोलोनी बस्ने बाग्लुङ काठेगाँउपालिका-२ घर भएका २७ वर्षीया कोपिला शर्मा र १९ वर्षीया अमिसा केसी रहेका छन् । घटनाको अनुसन्धान गर्न उक्त महाशाखाबाट खटिएको प्रहरीले विभिन्न व्यक्तिहरुलाई फेसबुक, टिकटकमार्फत फलो गर्ने र आफू अमेरिकाको डीभी परी अमेरिकाको क्यालिफोर्नियामा बस्दै आएको, बिहे गरे पश्चात् अमेरिका लैजाने भन्ने प्रलोभन दिई उनीहरुले ६ लाख ६० हजार रुपैयाँ ठगी गरेको खुलेपश्चात रुपन्देही बुटवलमा लुकिछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरेको हो ।

उनीहरुले विभिन्न बहानामा पटक/पटक गरी ५ लाख रुपैयाँ ठगी गरेको तथा शर्माले भक्तपुरको एक पीडितको छोरीसँग मितेरी लगाई अमेरिका लैजान्छु भन्ने विश्वास दिलाई १ लाख ६० हजार रुपैयाँ ठगी गरेको र निक्की पौडेलको नाममा फेक आइडीबाट फिल्म क्षेत्रका व्यक्तिहरुलाई समेत आफूसँग बिहे गरेमा अमेरिका लैजाने भनी ठगी गर्न खोजेको अनुसन्धानबाट खुल्न आएको उक्त महाशाखाले जनाएको छ ।

# ट्रकले तार छुँदा ट्याक्सी चालकको मृत्यु

**ताप्लेजुङ, साउन ११।** ताप्लेजुङको फुङ्लिङ नगरपालिका-२ अन्तर्गत मेरिङ्देन गाउँपालिका-२ खाम्लुङ बजार नजिकै ट्रकले विद्युतको नाङ्गो तार छुँदा नजिकै रहेको ट्याक्सी चालकको मृत्यु भएको छ ।

गम्भीर घाइते अवस्थाका ट्रक चालकको ताप्लेजुङ जिल्ला अस्पतालमा उपचार भइरहेको छ । जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका प्रहरी प्रमुख डीएसपी महेन्द्रकुमार श्रेष्ठका अनुसार मे१च ३०८१ नम्बरको ट्याक्सी चालक ताप्लेजुङको दोखू घर भएका अन्दाजी २७ वर्षीय विकास मुखिया रहेका छन् ।

मे१ख १८६५ नम्बरको ट्रक चालक पाँचथरको भारपाका अमृत श्रेष्ठको ताप्लेजुङ जिल्ला अस्पतालतमा उपचार भइरहेको श्रेष्ठले जानकारी दिए । प्रहरीका अनुसार दोभान बजार सामान पुर्‍याएर झापाको बिर्तामोडतर्फ अघि बढेको ट्रकले तलसम्म लत्रेको विद्युत्को नाङ्गो तारलाई छोएको थियो ।

सोही कारण घाइते भई त्यहीँ लडेका अमृतले गाडी अघि बढाउन सकेनन् । साइड दिएर बसेको ट्याक्सी चालक मुखिया गाडीबाट ओर्लिए र गाडी किन अघि नबढेको भनेर यात्रुलाई गाडीमै छाडी ट्रक भएतर्फ अघि बढे ।

करेन्ट लागेर घाइते भई गाडीमै लडेका अमृतलाई छोएका विकासलाई करेन्टले समात्यो र उनको त्यहीँ मृत्यु भयो । जिल्ला प्रहरी प्रमुख श्रेष्ठले घटनाको अनुसन्धानका लागि प्रहरी निरीक्षक मोहन पोखरेलको टोली घटनास्थलतर्फ परिचालित भएको जानकारी दिए ।

## बाँच्दैन ...

आँखाका कारण उनलाई अहिलेसम्म पनि चश्माको आवश्यकता परेको छैन । उनी चश्मा बिनानै हिमाली चोकसम्म घुमघाम गर्दै इष्टमित्रसंग दिनहुँ भलाकुसारी गर्दै आएका छन् । भलाकुसारीमा छोराकै चर्चा हुन्छ । कसैले छोराको नराम्रो सुनाए उनी पात्रो पल्टाउँदै अहिले पनि ज्योतिषमा अंक गन्न थाल्छन् ।

छोराको अझैं तीन वर्ष शासन गर्ने योग छ- उनले भने- कसैले केही गरे अहिले हटाए पनि डेढ वर्षपछि फेरि सात वर्ष शासन गर्ने योग लिएको छ छोराले ।

घरेलु औषधि जडीवुटीको प्रयोगमा निक्कै दख्खल राख्ने मोहनप्रसाद त्यस क्षेत्रमा प्रधानमन्त्रीका वुवाको रुपमा भन्दा पनि ज्योतिषी ओलीका नामले परिचित छन् । जडीवुटीको प्रयोग गरेर घरेलु औषधि उपचार समेत गर्दै आएका ओलीलाई सबैले त्यस क्षेत्रमा मान्दै आएका छन् ।

२००८ सालमा आफू पनि मास्टरी पेशामा सम्लग्न रहेको बताउँदै उनले भने- त्यो बेला म आफैं केटा पढाउँथे, सातसालमा अली पर, हिउँदे स्कूल र आठ सालमा जन्तरे संग्रौलाको खाली घरमा केटा पढाउँथे । छोरो जन्मनु भन्दा ५/७ दिन अगाडि आमाले उहीं पुगेर भन्नुभयो- तीन दिन अघि चिना हेराएको ढुङ्गेल ज्योतिषले तेरो छोरो त जन्मिदैन छोरी जन्मन्छ भन्नुभा'छ भनेको अहिले पनि बिर्सिएको छैन । ज्योतिषले छोरो जन्मिए पनि राम्रो हुँदैन भनेपनि अहिले आफ्नो छोरो देशको प्रधानमन्त्री भएको बताए ।

**प्रधानमन्त्री ओलीको वाल्यावस्थाको नाम ध्रुव**

खड्गप्रसाद ओली अर्थात् केपी शर्मा ओलीका नामबाट परिचित प्रधानमन्त्री ओलीको वाल्यावस्थाको नाम ध्रुव हो ।

बाल्यकालमा उनलाई स्कूल जाँदा सबैले ध्रुव भनेर बोलाउने गरेको मोहनप्रसादले बताए । बाबु मोहनप्रसाद र आमा मधु ओलीको पुत्रको रूपमा वि सं २००८ साल फागुन ११ गते शनिबार तेह्रथुम जिल्लाको इवा गाउँमा जन्मिएका ओली विक्रम सम्वत् २०२२ सालमा कम्युनिष्ट राजनीतिमा लागेका थिए ।

ओलीले २०२६ सालमा नेपाल कम्युनिष्ट पार्टीको सदस्यता लिए । २०२८ सालको झापा आन्दोलनका प्रमुखहरुमध्येका एक थिए उनी । त्यही वर्ष उनी जेल परे । ओली तत्कालीन नेकपा (माले) को संस्थापकमध्येका एक हुन् । पञ्चायती व्यवस्थाविरुद्धको संघर्षका क्रममा ओली २०२८देखि २०४४ सम्म १४ वर्ष जेल जीवनयापन गर्दै २०४८, २०५१ र २०५६ का आम निर्वाचनमा झापा जिल्ला क्षेत्र नं ६ बाट प्रतिनिधि सभामा निर्वाचित भए । पहिलो संविधान सभा निर्वाचन २०६४मा भने उनी झापाको क्षेत्र नं ७मा पराजित भएका थिए । वि.सं. २०४९ सालमा नेकपा (एमाले)को स्थायी कमिटी सदस्य भएका उनी २०७१ असारमा पार्टीको अध्यक्ष निर्वाचित भए । दोश्रो संविधानसभा निर्वाचन २०७० मा उनी झापा क्षेत्र नं ७ बाट नेकपा एमालेको तर्फबाट निर्वाचित भए ।

विद्यालय जीवन शुरु गरेर कक्षा ४ सम्मको अध्ययन गाउँमा पूरा गरेका ओली झापाको आदर्श माध्यमिक विद्यालय घैलाडुब्बाबाट २०२८ सालमा एसएलसी उत्तीर्ण भए । अनन्तलिङ्गेश्वर नगरपालिका-२, बालकोट, भक्तपुरका स्थायी वासिन्दा भए पनि ओलीका वुवा भने अहिले पनि छोराको भविष्यप्रति चिन्तित हुँदै झापाको भद्रपुर नगरपालिका- १ हिमालीचौक नजिकै बसेका छन् ।

## इलाममा ...

नौ हजार नौ सय एक रुपैयाँ राजश्व संकलन भएको छ ।

यस्तै प्रदेशतर्फ यातायात व्यवस्था सेवा कार्यालय इलाममा ३ करोड २८ लाख २९ हजार ५३ रुपैयाँ, घरेलु तथा साना उद्योग विकास समितिमा ३९ लाख ४० हजार ५ सय रुपैयाँ, डिभिजन वन कार्यालयमा ४४ लाख २० हजार एक सय ९७ रुपैयाँ राजश्व संकलन भएको छ ।

संघीय सरकार र प्रदेश सरकारका लागि इलामबाट ५० करोड ३० लाख २५ हजार ८ सय ८ रुपैयाँ राजश्व संकलन भएको छ । संघतर्फ ४५ करोड १६ लाख ८२ हजार ७ सय ६३ रुपैयाँ र प्रदेश सरकारका लागि ५ करोड १३ लाख ४३ हजार ४५ रुपैयाँ राजश्व संकलन भएको कोष तथा लेखा नियन्त्रण कार्यालयले जनाएको छ ।

## प्रहरीलाई ...

कार्यालयहरुमा हुने भीडलाई रोक्न अत्यावश्यक बाहेकका सबै सेवा प्रवाहका कामहरु बन्द गर्ने निर्णय गरेको छ । महानगरपालिकाले घरनक्सा पास, सामााजिक सुरक्षा भत्ता वितरण तथा कार्ड नवीकरण जस्ता कामहरु तत्काललाई नगर्ने निर्णय गरेको हो ।

यसैगरी महानगर क्षेत्रमा परीक्षणको दायरा बढाउँदै समुदायस्तरको अवस्था यकिन गरिनुपर्ने निष्कर्ष बैठकले निकालेको छ । मेयर पराजुलीले भने- हाटबजार लगायतका अनावश्यक भीडभाडमा कडाई गरिने छ, अनावश्यक रुपमा घर बाहिर निस्कने कार्यलाई रोक्नका लागि आग्रह गरिने छ । संक्रमणको अवस्था हेरेर कुनै पनि बेला लकडाउनमा जान सकिने सम्भावना रहेको मेयर पराजुलीको भनाइ छ ।


**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥)

पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्फनुहोस् ।



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।


# आवश्यकता

**बाबा सेक्युरिटी एण्ड इम्प्लोइमेन्ट कम्पनी प्रा.लि. अन्तरगत करार सेवामा रही झापास्थित एक प्रतिष्ठित संस्थाको लागि निम्न कर्मचारीहरुको आवश्यकता परेको हुँदा यो सूचना प्रकाशित गरेको मितिले ७ दिनभित्र इच्छुक नेपाली नागरिकहरुबाट आफ्नो बायोडाटासहित हस्त लिखित दरखास्त आहवान गरिन्छ ।**

**तपसिल**

| सि.न. | पद | शैक्षिक योग्यता | उमेर | परीक्षा |
|---|---|---|---|---|
| १ | फार्मेसी | BACHELOR IN PHARMACY | १८-३५ | प्रयोगात्मक तथा अन्तरवार्ता |
| २ | फार्मेसी | DIPLOMA IN PHARAMACY | १८-३५ | प्रयोगात्मक तथा अन्तरवार्ता |

अनुभव भएकाहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
सम्पर्क : ९८४२०३६२०६, ९८०५३६८०८७, ९८४२३६९७६८ । इमेलः *babaemployment977@gmail.com*

**बाबा सेक्युरिटी एण्ड इम्प्लोइमेन्ट कम्पनी प्रा.लि.**, इटहरी, सुनसरी

सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
स्वास्थ्य निर्देशनालय
**मेची अञ्चल अस्पताल**
भद्रपुर, झापा

## बायो मेडिकल इञ्जिनियर ल्याव टेक्निसियन तथा कार्यालय सहयोगी करार सेवामा लिने बारेको सूचना

*प्रथमपटक प्रकाशित मिति : २०७७/०४/१२*

यस अस्पताल PCR Lab Test प्रयोगशालामा कामकाज गर्नका लागि बायोमेडिकल इञ्जिनियर, ल्याव टेक्निसियन र कार्यालय सहयोगी आवश्यक भएको हुँदा निम्न योग्यता भएका कर्मचारी करार सेवाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालयको प्रशासन शाखामा आवेदन दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । निवेदन यसै कार्यालयबाट उपलब्ध हुनेछ ।

| सि.नं. | विवरण | पद | पद संख्या | मासिक तलब रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रदेश सरकारतर्फ | बायोमेडिकल इञ्जिनियर | १ (एक) | नेपाल सरकारले तोकेको तलब स्केल बमोजिम | १) कार्यालय सहयोगीको लागि नेपाली लेखपढ गर्न सक्ने |
| २ | | ल्याव टेक्निसियन | २ (दुई) | | |
| ३ | | कार्यालय सहयोगी | २ (दुई) | | |

**योग्यता**
१. नेपाली नागरिक ।
२. न्यूनतम योग्यता नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषय लिई उत्तीर्ण गरेको हुनुपर्नेछ । साथै ल्याव टेक्निसियनको लागि बी.एम.एल.टी. उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी ज्ञान भएकोलाई प्राथमिकता दिइनेछ ।
३. बायो मेडिकल इञ्जिनियर पदको लागि २१ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको, ल्याव टेक्निसियनको लागि १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको र कार्यालय सहयोगीको लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने ।
४. सम्बन्धित निकायबाट प्राप्त काउन्सिलमा दर्ता भएको प्रमाणपत्र, म्याद नाघी नवीकरण नभएकोलाई मान्यता दिइने छैन ।
५. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।
६. निवेदनमा संलग्न गर्नुपर्नेः- उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कार्य अनुभव भएको भए प्रमाणित प्रतिलिपि, प्रचलित कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवारले हस्ताक्षर गरी प्रमाणित गर्नुर्पेछ ।
७. परीक्षाको माध्यम अन्तरवार्ता हुनेछ ।
८. अन्तरवार्ता १९ गते बिहान ११:०० बजे हुनेछ । ९. करार म्याद बढीमा २०७७ पौष मसान्तसम्म मात्र रहने छ ।

*निवेदन दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट आवेदन बुझउन सकिने छ ।*

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
१ न प्रदेश, नेपाल

## अर्जुनधारा नगरपालिकाद्वारा सञ्चालित क्वारेन्टाइन व्यवस्थापनको लागि शिलबन्दी कोटेशन पेश गर्ने सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति : २०७७/०४/१२**

आ.व. २०७७/०७८ का लागि यस अर्जुनधारा नगरपालिकाद्वारा सञ्चालित क्वारेन्टाईन व्यवस्थापनको लागि आवश्यक सामग्री खरिद गर्ने प्रयोजनको लागि उल्लेखित सामग्रीहरु के कति दर रेटमा उपलब्ध गराउन सकिन्छ सोको विवरण यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र कर चुक्ता, संस्था/ फर्म/कम्पनीको प्रमाणपत्रको प्रतिलिपि, नवीकरण र सक्कल निवेदन सहित(क) र (ख)को लागि अलग-अलग शिलबन्दी दरभाउपत्र यस नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन सवै सरोकारवालाहरुमा यो सूचना प्रकाशित गरिएको छ ।

**क. किराना तथा अन्य**

| क्र.सं | सामाग्रीको नाम | स्पेसिफिकेसन | ईकाई |
|---|---|---|---|
| १. | व्रस | For children,young and adult(Sensodyne Sensitive ) | दर्जन |
| २. | टुटपेस्ट | For children,young and adult (Sensodyne Sensitive ) | दर्जन |
| ३. | हात, मुख धुने सावुन | containing Sodium Palmate, Palm Acid, Sodium Chloride, Titanium Dioxide, Tridece (125 gm) | दर्जन |
| ४. | लुगाधुने सावुन | (200 gm) clinically tasted | दर्जन |
| ५. | फिनेल | (250 ml pack) clinically tasted | दर्जन |
| ६. | हारपिक | राम्रो गुणस्तरको(२५० मि.ली ) | दर्जन |
| ७. | भाडा माझ्ने सावुन | राम्रो गुणस्तरको | दर्जन |
| ८. | विस्कुट | राम्रो गुणस्तरको | दर्जन |
| ९. | चिया रंग | राम्रो गुणस्तरको | किलो ग्राम |
| १०. | चाउचाउ | राम्रो गुणस्तरको (७० ग्राम भएको) | दर्जन |
| ११. | मुरै | राम्रो गुणस्तरको (clinically tasted) | १० के.जी.को पोका |
| १२. | भुजिया | राम्रो गुणस्तरको (clinically tasted) | १ के.जी.को पोका |

**ख) मेडिकल सामग्रीतर्फ**

| | | | |
|---|---|---|---|
| १. | मेडिकल मास्क | राम्रो गुणस्तरको (clinically tasted) | दर्जन |
| २. | लुज ग्लोव्स | राम्रो गुणस्तरको (clinically tasted) | दर्जन |
| ३. | पीपीई सेट (first liner, second liner and third liner) | राम्रो गुणस्तरको (clinically tasted) | दर्जन |
| ४. | सेनिटरी प्याड | राम्रो गुणस्तरको (clinically tasted) | ८ वटा भएको प्याक |

Arjundhara Municipality
Office of the Municipal Executive
1 No.Province Nepal
Sanischare, Jhapa

Date -27/07/2020 A.D

## Invitation for Sealed Quotation for the procurement of Press Related Items

**Sealed Quotation No: 001SQG/077/78**
**Date of first Publication: July 27 , 2020 AD**
**Date of Second Publication: August 10, 2020 AD**

| S.No. | Sealed Quotation Number | Details of sealed Quotation | Cost Estimate |
|---|---|---|---|
| 1 | 001SQG/077/78 | Invitation for Sealed Quotation for the procurement of Press Related Items | 17,64,797.44 NPR (Exclusive of VAT) |

1. The Arjundhara Municipality invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of **Press Related Items.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Arjundhara Municipality,023?465502,www.arjundharamun.gov.np.
3. A complete set of Bidding Documents may be purchased from the office Arjundhara Municipality Shanischere Jhapa by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate,tax clearance of Fiscal year 075/076 B.S and upon payment of a non-refundable fee of NRs. 1000.00 till 9 th August 2020 AD during office hours.
4. Sealed bids must be submitted to the office Arjundhara Municipality by before 12PM on 10th August 2020 AD. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2 PM on 10th August 2020 AD at the office of Arjundhara Municipality .Bids must be valid for a period of 75 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRS. 50,000.00.If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No 0092050511258018 at NIC Asia Bank Birtamod and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## समुदाय उन्मुख महामारी र हाम्रो सजगता

**लकडाउन हुँदा लुकेको कोरोना भाइरस खुल्ला हुनासाथ व्यापक हुन थालेको छ । चार महिना लामो लकडाउन खुलाइए पनि कोरोना त्रास र जोखिम यथावत रहेको भन्दै सरकारले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको थियो । तर, आम सर्वसाधारणले लकडाउन खुल्नुलाई लामो समयदेखि कारागारमा रहेर छुटे सरह व्यवहार गर्दा कोरोना त्रास झनै बढेको छ । नेपाली मानसिकता नै नियम, कानून, निर्देशन र परिस्थिति प्रतिकूल रहेको विगतका तथ्यहरुले देखाएका छन् । यसैको निरन्तरता हो शायद सरकार, सञ्चार माध्यमहरुको चेतावनी सूचना र अनुरोध विपरीत सडक 'जाम' हुन थालेका छन् । सामाजिक/भौतिक दूरीको पालना गर्न छाडिएको छ भने अन्य स्वास्थ्य सतर्कता समेत बिर्सिइन थालेको छ ।**

**कोरोना कै कारण अहिलेसम्म पैंतालीस जनाले जीवन गुमाउनु परेको छ । मृत्यु हुनेको गन्ती प्रत्येक दिन थपिने क्रममा छ । हिजोसम्म लक्षण बिना नै जीवन गुमाउनु परेको थियो भने आज लक्षणसहितका संक्रमित भेटिन थालेका छन् । हिजो मृत्यु पश्चात परीक्षण गरिनेक्रम पनि थियो, तर अहिले शुरुमै लक्षण देखिन थालेको छ । यसले परिवारमात्रै होइन सिंगै समुदाय प्रभावित हुने निश्चित छ । संघीय राजधानी काठमाडौंमा सत्र जनाको पीसीआर परीक्षण गर्दा कोरोना पुष्टि भएको थियो । ती मध्ये नौ जनामा लक्षण समेत देखिएको थियो । त्यस्तै पछिल्लो पटकका परीक्षणहरुमा यात्रामा नगएकाहरु नै संक्रमित देखिनुले त्रास घट्नुको साटो बढ्न सक्ने संकेत गरेको छ ।**

**सिङ्गो देश अहिले कोरोना कहरले पीडामा छ । लामो बन्दले अस्तव्यस्त जीवनलाई लयमा फर्काउन सरकारले लकडाउन खोलेको छ । यद्यपि सरकारले कोरोनाको जोखिम अन्त्य नभएको भन्दै सुरक्षा सतर्कता अपनाउन र सुरक्षित रहनका लागि अपनाउनुपर्ने मापदण्ड र सीमा पालना गर्न अनि उल्लघंन नगर्न सचेत गराएको छ । तर, पनि हाटबजार, मेलापात, सवारीहरु कोरोना भयबाट मुक्त भएका छन् जस्तो अनुभूति गर्न सकिने भएको छ । सावधानी अपनाएको देख्नु दुर्लभ झैं हुन थालेको छ । प्रतिबन्धित नै रहेका होटल, रेष्टुरेन्ट, सैलुन, पार्लरहरु पूर्ववत् सञ्चालन हुन थालेका छन् । त्यसकै परिणाम हुनसक्छ समुदाय नै संक्रमणको केन्द्रमा देखिन थालेको छ ।**

**यसैबीच सरकारले पीसीआर परीक्षणको गति र संख्या घटाउँदै छ । यसले संक्रमणको पहिचान नै नभई मरिने हो कि चिन्ता थपिएको छ । देशका सातै प्रदेश कोरोनाको जोखिममा छन् भने प्रदेश एकको झापा भारतसँगको खुल्ला सीमानाका कारण बढी जोखिममा छ । संक्रमण परीक्षण गर्न यहाँका सामाजिक अभियन्ताहरुको अग्रसरतामा प्रयोगशाला स्थापना गर्न अभियान नै सञ्चालन गरिएको छ । स्थानीय संघ-संस्थाहरुसँग सहकार्य गर्दै सहकारी, अन्तर्राष्ट्रिय झापाली समाज लगायत नागरिक समाजको सहभागितामा सञ्चालनमा आउन लागेको प्रयोगशालाले तत्काल कोरोना परीक्षण गर्ने र त्यसपछि अन्य संक्रामक रोगको पहिचान गर्ने बताइएको छ । झापाको मध्यभाग कनकाई नगरपालिकाको सुरुङ्गास्थित कोटीहोममा समुद्घाटनको प्रतिक्षामा रहेको प्रयोगशालाले झापालीको एकता, हार्दिकता, सद्भाव र बन्धुत्वको अनुपम उदाहरण दिएको छ । यद्यपि रोग लाग्नै नदिनु बुद्धिमानी हो, तर लागीहाल्यो भने उपचारात्मक विधिका लागि प्रयोगशाला पुग्नै पर्छ । त्यस्तो अवस्थामा धेरैको हातेमालोबाट स्थापना गरी राज्यलाई सञ्चालनको जिम्मा दिने एकका लागि एक अभियान र अभियन्ताहरुको अग्रसरता र दाताहरुको दानशीलता कहिल्यै नमरोस्, अझ ऊर्जावान होस् र पूर्वी सीमान्त जिल्लाका बासिन्दा लाभान्वित हुँदै स्वस्थ जीवन बाँच्न पाउन् । त्यसका लागि बिर्सनै नहुने शिक्षा दिएको छ कोरोना संकटले कि सबै स्वयम् सचेत, सजग र सावधान बनौं ।**

# के प्रगतिशील, वैज्ञानिक र जनवादी शिक्षा फगत नारा थियो ?



तीर्थराज खरेल

नेपालमा वामपन्थी शक्तिहरुको समर्थनमा र धेरैजसो अवस्थामा कम्युनिष्ट पार्टीहरुकै भातृ संगठन सो सरह वामपन्थी तथा प्रगतिशील विद्यार्थी संगठनहरु निर्माणपछि २० को दशकदेखि वैज्ञानिक र जनवादी शिक्षाको बहस उठेको हो। विभिन्न समूहमा विभक्त वामपन्थी विद्यार्थी संगठनले आफ्नो घोषणापत्रमा जनवादी शिक्षाको नारालाई प्राथमकिताका साथ उठाएका थिए। एकदलीय पञ्चायती व्यवस्थाको कालरात्रीमा तत्कालीन सत्ताको प्रतिगामी कुरुपताको विपक्षमा विद्यार्थीहरुलाई संगठित, प्रशिक्षित गर्दै पार्टीका आवश्यक कार्यकर्ता उत्पादनका लागि विद्यार्थी संगठनले महत्वपूर्ण भूमिका खेलेका थिए, यो क्रम अहिले पनि जारी छ। समाज बदल्ने ध्येय बोकेका युवा विद्यार्थीहरु सुन्दर भविष्यप्रतिको आशावादिताले आलोकित हुने गर्थे।

समाजको संस्थागत रुग्णताको ज्वलन्त उदाहरण हो आजको शिक्षाको स्थिति। यस्तो संस्थागत परजीवीकरणको अभ्यास र प्रक्रियाबाट उत्पादन भएको युवा जमात वा भोलिको नेतृत्वले आत्मनिर्भर र समृद्ध नेपाल निर्माण गर्ने भाषण चाहिँ पाखण्ड हो र यो पाखण्डले निम्त्याउने थप दुःख मात्र हो। आज विद्यार्थी आन्दोलनले आफ्नो समस्याका बारेमा गहन र निर्ममताका साथ सोच्ने र सही बाटो पहिल्याउन सकेन भने यसलाई विघटन हुनबाट कसैले रोक्न सक्दैन। नेपाल अब राणाकालीन वा पञ्चायतकालीन जस्तो बन्द समाज रहेन। संयुक्त राष्ट्रसंघ, विश्व व्यापार संगठन, असंलग्न र सार्क राष्ट्र जस्ता विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरुको सदस्य राष्ट्र हुनु, विभिन्न विश्वव्यापी संघ-संगठनहरुसँग प्रत्यक्ष परोक्षरुपमा संलग्न हुनु, विश्व अर्थतन्त्रको केन्द्र बन्दै गएका दुई विशाल देश चीन र भारतबीचको भूराजनीतिक महत्वमा रहनु आदि इत्यादि कारणले नेपाल विश्व समाजसँग जोडिएको छ।

आधुनिकीकरणको प्रमुख आधार युगसापेक्ष शिक्षा हो भन्नेमा सबैमा मतैक्य छ। पटक-पटकका आन्दोलन र संघर्षको परिणामस्वरुप नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यव्यवस्थाको शुरुवात भएको छ। नेपालको संविधान, २०७२ मा शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरिएको छ। राजनीतिक आन्दोलनको उत्कर्षमा राजतन्त्रको अन्त्य भएर गणतन्त्रात्मक व्यवस्था शुरु भएको हो, अब समृद्धिको सबैका प्रस्ताव तथा मार्गचित्र भएको छ। मुलुकलाई आधुनिकीकरण गरी विपन्न जनताका जनजीविकाका समस्यालाई हल गर्दै उनीहरुको जीवनमा खुशी ल्याउन सबै पक्षको प्रयत्न र प्रयास जरुरी छ। नेपालको संविधान २०७२ मा प्रत्येक समुदायले कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने, माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने, आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्न पाउने हकको स्पष्ट व्यवस्था गरिएको छ।

शिक्षाको आजको मूल प्रश्न आवश्यकता र प्राप्ति बीचको अन्तरले सृजना गरेको द्वन्द्व हो। हामी एक्काइसौं शताब्दीको अति आधुनिक युगमा बाँचिरहेका छौं। तर, युगको हाँकलाई सामना गर्न सक्ने र विश्वमा भएका परिवर्तनलाई आत्मसात गर्ने गरी हाम्रो शिक्षानीतिमा परिवर्तन हुन सकेको छैन। संविधान, ऐन, कानूनमा उल्लेख भए अनुरुप आधारभूत जनताको तहसम्म हकअधिकार पुग्न सकेका छैनन्। नयाँ युगका चुनौतिसँग जुध्न सक्ने र प्राप्त विशाल अवसरलाई उपयोग गरी समाज र राष्ट्रलाई प्रगतिको सुमार्गमा डोर्‍याउन सक्ने सुयोग्य नागरिक उत्पादन गर्ने शिक्षानीति आजको खाँचो हो। उच्च चेतनायुक्त प्राविधिक दक्ष नागरिक तयार गर्ने उद्देश्यका साथ शिक्षानीतिमा आमूल परिवर्तन गर्नु अत्यावश्यक भइसकेको छ।

शिक्षानीतिमा नेपाल सुहाउँदो वैज्ञानिक ढाँचा कस्तो हुनुपर्छ भन्ने कुरा नीति-निर्माता र राजनीतिक तथा शैक्षिक नेतृत्वले सरोकारवाला सबैसँग खुला दिलले घनिभूत छलफल, बहस र अन्तरक्रिया भएको छैन र युगसापेक्ष शिक्षाको मार्गचित्र कस्तो हुने हो भन्नेमा व्यापक अन्यौल, द्विविधा र कतिपय मामलामा एकलकाँटे र पार्टीपरस्त विचारहरु आएका छन्।



युगसापेक्ष शिक्षाले चेतनाको ढोका उघार्छ र यसले जीवनयापनका लागि सहजता प्रदान गर्छ। शिक्षा अन्धकार र अज्ञानमा बाँचिरहेका मानव जातिलाई नवयुगको बाटोमा लैजाने बाटोको ठूलो ढोका उघार्ने कुञ्जी हो। यसले परिवर्तनलाई आत्मसात गराई जीवनयापनमा सरलता ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्छ।

सामन्ती, निरंकुश, जनविरोधी मूल्य-मान्यता मानवता विरोधी हुन्छन्। त्यस्ता मानव सभ्यताको खिलापमा विभिन्न रंगरुपमा अवतरित सांस्कृतिक कलेवरमा जडित पाखण्डीपनको विरोधमा युगसापेक्षले नयाँ युगको बिगुल फुक्छ। मानवजातिको सर्वाङ्गीण हित प्रबर्द्धन गर्ने शिक्षा नीतिले मात्र समाजमा रुपान्तरणलाई संस्थागत गर्ने हो। शिक्षाले मानवीय मूल्यबोधलाई हरेक व्यक्तिको हृदयमा उज्यालो किरण छर्दछ र यो यस्तो आधार हो जसको रोशनीमा रातको साम्राज्य चाहने निशाचर र पश्चगामीहरुको समाप्ति सम्भव छ। तर, आज के विगतको सपना जस्तै छ ? नेपालमा अहिलेको शिक्षाको बारेमा असन्तुष्टि छ र युवा पलायनको डरलाग्दो तस्वीर हाम्रोसामु छ।

नेपालमा अहिले जनवादी शिक्षाको पैरवी गर्ने वामपन्थी शक्ति झण्डै झण्डै दुईतिहाइको मतादेशसहित सत्तासीन छ। आफूले विगतमा देखेको जनवादी शिक्षाको प्रारुप अनुसार आजको शिक्षा सञ्चालन भइरहेको छ ? अहिले नेपालमा एउटा तप्का पढेर केही हुन्न। मुलुकमा रोजगार छैन। विदेश नै जानुपर्ने हो भने पढ्न किन दुःख गर्ने भन्ने छ भने अर्को तप्का रुपैयाँपैसा सबै थोक हो। मानवीय मूल्यको कुनै अर्थ छैन र पैसाले सबैथोक किन्न सकिन्छ भन्ने मानवता विरोधी, पश्चगामी र मानवलाई अमानवीकरण गर्ने दुष्ट प्रवृत्ति छ। नेपालमा राज्य कमजोर छ, व्यक्तिको सम्पत्तिमाथिको अधिकार असीमित छ। पैसाको बोलबोला छ। यस्तो अवस्थामा अभाव र अन्यायमा बाँचिरहेकाहरु बिलखबन्दमा छन्। हात-मुख जोर्न रगत-पसीना बगाउनेहरु झन झन मुश्किलमा पर्दै गएका छन्। शिक्षा महँगो हुँदो छ, तथाकथित जनवादी शिक्षा कतै कुनामा धुमिल अवस्थामा छ।

शिक्षाप्रतिको हाम्रो सोचलाई पनि बदल्न जरुरी छ। शिक्षा भनेको औपचारिक डिग्री प्राप्त गर्ने मात्र नभई उच्च चेतनाको विकास गरी श्रमको सम्मान गर्ने नागरिक तयार गर्ने आधार हो। उत्पादनका काममा जोडिने र सामुहिक भावनाको विकास गरी समाज र देशका लागि आफ्नो जीवन लगाई आफ्नो भविष्य पनि त्यसैमा देख्ने सक्षम जनशक्ति निर्माण गर्ने शिक्षाको मूल उद्देश्य हो। तर, नेपालको अहिलेको शिक्षा नीति समाज रुपान्तरणको दिशातिर उन्मुख छैन र युगसापेक्ष शिक्षा मुखरित हुने संस्थागत प्रयत्न कम भएका छन्। १०४ वर्षे निरंकुश राणाशासनको अन्त्यपछि मात्र हाम्रो देश आधुनिक युगमा प्रवेश गरेको हो।

२००७ सालदेखि २०१५ सालसम्म राजनीतिक दलहरु वीचको आपसी कलह र देशलाई प्रतिगमन र अधोगतितिर धकेल्ने शाही दरबारको कुत्सित षडयन्त्रपूर्ण गतिविधिका कारण देश आधुनिकीकरणको दिशामा अघि बढ्न सकेन। त्यो अवधिमा शिक्षा क्षेत्रमा खासै परिवर्तन हुन सकेन। २०१६ सालमा वीपी कोइरालाको नेतृत्वमा संसदको दुईतिहाइ समर्थनसहित सरकार बनेपछि जनतामा ठूलो आशा पलाएको थियो। तर, त्यो सरकारले शिक्षाको बारेमा सोच्नै नपाई र योजना बनाउनै नपाई राजाको फौजी शासनको बुटमुनी थिल्थिलियो। त्यसपछिका शिक्षामा ल्याइएका योजना र परियोजनाहरु पञ्चायती व्यवस्थालाई मलजल गर्ने उद्देश्यमा केन्द्रित रहेकाले आधुनिकीकरणको मूल मर्मलाई आत्मसात गर्न सकेनन्। २०३६ सालको विद्यार्थी आन्दोलनको धक्का र २०४६ सालको जनान्दोलनका कारण बहुदलीय व्यवस्था पुनःस्थापित हुनसक्यो। बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको दुई खम्बीय आधारमा उभिएको संसदीय व्यवस्थाले शिक्षालाई विपन्न, सर्वसाधारण नेपाली जनताको हितानुकूल बनाउन सकेन। त्यसपछिका सरकारहरु सरकार बनाउने र गिराउने खेलमा बढी केन्द्रित रहे र तिनीहरुले मुलुक परिवर्तनको मुख्य आधारको रुपमा शिक्षा क्षेत्रलाई विकास गर्नुपर्छ भन्ने कुरालाई स्वीकार्न हिच्किचाए।

सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक लगायत सबै क्षेत्रका असन्तुष्टी, अपूर्णता र अन्तरविरोधहरुको परिणाम स्वरुप तत्कालीन नेकपा (माओवादी)को नेतृत्वमा जनयुद्ध शुरु गरियो २०५२ साल फागुन १ गतेदेखि। १० वर्षको जनयुद्ध, १९ दिने जनान्दोलन, मधेश आन्दोलन, विभिन्न जनजाति तथा पछाडि पारिएका तह र तप्काका जनताको आन्दोलनको कारण नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ। राजनीतिक क्षेत्रमा यति ठूलो परिवर्तन देशमा आएको छ, तर शिक्षा क्षेत्रमा तात्विक कुनै बद्लाव आएको छैन। प्रजातान्त्रिक समाजवाद, जनताको बहुदलीय जनवाद, सामाजिक जनवाद र एक्काइसौं शताब्दीको जनवाद लगायतका विभिन्न दलहरुले लिएका सिद्धान्त र विचार व्यवहारमा शिक्षा क्षेत्रमा देखिएको छैन। शिक्षा क्षेत्रमा समयसापेक्ष परिवर्तन नगर्ने हो भने स्वर्णिम नेपालको सपना फगत सपना मात्र हुनेछ।

कैयौं शताब्दी अघिदेखि निरन्तररुपमा नेपाली धरतीमा शासन गर्दै आएको सामन्ती राजतन्त्रले आफू अनुकूल शिक्षा नीति लागू गरेको थियो। श्रमप्रति अनास्था प्रकट गर्ने, मानवीय मूल्य-मान्यतालाई त्यागी जनताबीचमा फुट र झैं-झगडाको बीजारोपण गर्ने सामन्तवादी शिक्षाको अब अन्त्य आवश्यक छ। मुलुकमा धर्मनिरपेक्षता, समावेशिता, समानुपातिकता, संघीयता आदिको संरक्षण र सम्बर्द्धन गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यव्यवस्था अपरिहार्य आवश्यकता हो। अब आर्थिक समृद्धि र सांस्कृतिक रुपान्तरणका लागि शिक्षाका माध्यमबाट दीर्घकालीन सोचका साथ काम गर्न जरुरी छ।

अबको शिक्षा रुढिवाद, अन्धविश्वास र कुरीतिकाविरुद्ध हुनुपर्छ। सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने लक्ष्य बोकेको हुनुपर्छ। आजको शताब्दीका आवश्यकतालाई सामना गर्न सक्ने वैज्ञानिक शिक्षानीति निर्माण गर्न प्रगतिशील र लोकतान्त्रिक दृष्टिकोणद्वारा निर्देशित हुनुपर्छ। आजको शिक्षाप्रणाली अध्ययन र अनुशासनलाई गाँस्ने, शिक्षक र विद्यार्थी दुवै आम जनसमुदायसँग जोडिने र पाठ्यक्रम निर्माणमा समेत शिक्षक, विद्यार्थी र अभिभावकबीचको त्रिपक्षीय संयोजनकारी भूमिका हुनुपर्छ। युगका चूनौतिलाई सामना गर्दै नवप्रवर्तनका ढोका उघार्न सक्ने शिक्षा नीति आजको आवश्यकता हो। शिक्षामा गणतन्त्रात्मकता मुखरित हुनुपर्छ। मुलुकलाई साँचो अर्थमा लोकतान्त्रिकीकरण र आधुनिकीकरण गर्ने अभिभारा पूरा गर्ने गरी शिक्षानीतिमा युगसापेक्ष परिवर्तन आवश्यक छ। श्रमसँग नजोडिएको शिक्षा काम नलाग्ने भएकाले अबको शिक्षा जीवनोपयोगी हुन आवश्यक छ।

शैक्षिक वेरोजगार उत्पादन गर्ने शिक्षा पद्धति अन्त्य गर्दै विज्ञान र प्रविधिको उच्च विकास भएको आजको विश्वसँग प्रतिस्पर्धा गर्ने र आफ्नो समाजसँग पनि जोडिने शिक्षा अहिलेका बालबालिकालाई प्रदान गर्नुपर्छ। शिक्षालाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई समृद्धिसँग जोड्न सक्ने शिक्षा प्रणाली आजको आवश्यकता हो। विद्यालयले विद्यार्थीहरुको सिर्जनशिलता र अभिभावकको भावना, आकांक्षा, चाहना र राष्ट्रको आवश्यकता पूरा गर्ने गरी शिक्षा पद्धति परिवर्तन गर्न आवश्यक छ। विगतमा लगाइएको जनवादी शिक्षाको नारा फगत नारा हुनुहुँदैन, यसको व्यावहारिक प्रयोग आजको आवश्यकता हो।

*tirthakharel2028@gmail.com*

# निर्मला हत्या प्रकरणको दुई वर्ष : नतिजा शून्य

**शेरबहादुर सिंह**

कञ्चनपुरको भीमदत्त नगरपालिका- उल्टाखामकी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि हत्या भएको बताइएको दुई वर्ष बितिसक्दा पनि प्रहरी अपराधी नजिक पुग्न सकेको छैन। दुई वर्षअघि साउन १० गते साथीको घरमा स्कूलको गृहकार्य गर्न आएकी बालिका पन्तको शव साउन ११ गते नजिकैको उखुबारीमा भेटिएको थियो।

घटनापछि मुलुभर दोषीलाई कानूनी कारवाहीको दायरामा ल्याउन आन्दोलन हुनुका साथै उक्त मुद्दा अन्तर्राष्ट्रियस्तरमा पनि चर्चाको विषय बने पनि पछिल्लो समय प्रहरी अनुसन्धान सुस्ताएको देखिन्छ। यसअघि प्रहरी प्रमुख रहिसक्नु भएका प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल र त्यसपछिका प्रमुख ठाकुरप्रसाद ज्ञवालीले घटनास्थलसमम्म पुगेर चासोका साथै अनुसन्धानमा जोडबल गरे पनि अपराधी भने पत्ता लगाउन सकेनन्। सरकारले उच्चस्तरीय छानविन समितिका साथै राष्ट्रिय मानवअधिकार आयोग र प्रहरीले विभिन्न छुट्टाछुट्टै छानविन समिति गठन गरेर पनि घटनाको सूक्ष्म अनुसन्धान गरेको थियो।

विभिन्न समितिका प्रतिवेदनले घटनाबारे थप आशंका व्यक्त गर्नुका साथै प्रमाण मेटिएकाले हत्यारा पत्ता लगाउन कठिन हुने समेत बताए। तत्कालीन प्रहरी अतिरिक्त महानिरीक्षक धिरु बस्न्यातको टोलीले कञ्चनपुर पुगेर घटनाबारे अनुसन्धान गर्दै जिल्ला प्रहरी कार्यालयको घटनाप्रतिको लापरवाही र प्रमाण संकलनमा चुकेको भन्दै तत्कालीन जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रमुख प्रहरी उपरीक्षक डिल्लीराज विष्टसहित सात जना निलम्बल गरेको थियो। हाल प्रहरी उपरीक्षक बिष्ट र प्रहरी निरीक्षक जगदीशप्रसाद भट्ट बर्खास्तीमा छन् भने तत्कालीन प्रहरी अनुसन्धान ब्यूरो (सिआइबी)का प्रहरी नायब उपरीक्षक अङ्गुर जिसीसहित अन्य पाँच प्रहरी कर्मचारीको टोली निलम्बनमा छ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक अमरबहादुर थापाले हरेक आयामबाट अनुसन्धान जारी रहेको बताउनुभयो। 'विभिन्न तह र कोणबाट निर्मला प्रकरणको अनुसन्धान चलिरहेकै छ' -उहाँले भन्नुभयो- 'प्रहरीले दोषी पत्ता लगाएर छाड्छ।' घटनापछि जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा सरुवा भएर आउने हरेक प्रहरी नायब उपरीक्षकलाई उक्त घटनाको अनुसन्धान अधिकृत तोकेर अनुसन्धान हुँदै आएको छ। निर्मलाका परिवारका सदस्यले भने न्याय पाउने आशा हराउँदै गएको प्रतिक्रिया



दिएका छन्। 'हामीमाथि पीडामाथि पीडा थपियो, अब न्याय पाउने आश पनि हराउँदै गएको छ।' निर्मलाकी आमा दुर्गादेवी पन्तले भन्नुभयो- 'अनुसन्धानमा प्रहरी प्रशासन डटेर लागे पनि अपराधी पक्राउ गर्न सकेनन्।' उहाँले पछिल्लो समय भीमदत्तनगरपालिका-१९ बागफाँटाका ४१ वर्षीय दिलीप विष्टका गतिविधि र कुराबाट आफूलाई शङ्का लागेर बिष्टमाथि किटानी जाहेरी दिएको बताउनुभयो। 'सत्यतथ्य पत्ता लगाएर दोषीलाई कानूनी दायरामा ल्याउने काम प्रहरीको हो' -पन्तले भन्नुभयो- 'अनुसन्धानको उपलब्धि राज्य संयन्त्रलाई थाहा होला।'

जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख प्रहरी उपरीक्षक मुकुन्द मरासिनीले घटनाबारे प्रहरी हालसम्म कुनै निचोडमा नपुगेको जानकारी दिनुभयो। 'निर्मला घटनालाई हामीले पहिलो प्राथमिकतामा राखेर अनुसन्धान गरिरहेका छौं' -उहाँले भन्नुभयो- 'हामी निष्कर्षमा पुग्ने गरी सूक्ष्मरूपले अनुसन्धानमा जुटेका छौं।' पछिल्लो समय सुदूरपश्चिम प्रहरी नेतृत्वले पनि निर्मला प्रकरणलाई प्राथमिकतामा साथ अनुसन्धान गरिरहेको प्रहरीको भनाइ छ।

घटना भएको एक महिनापछि वि.सं. २०७५ भदौ ४ मा जिल्ला प्रहरी कार्यालयले भीमदत्त नगरपालिका-१९ बागफाँटाका दिलीप बिष्टलाई सार्वजनिक गरेको थियो। अभियुक्त भनिएका बिष्ट मानसिक रोगी भएको र प्रहरीले फसाउन खोजेको भन्दै यहाँ आन्दोलनले उग्ररुप लिएको थियो। पछि बिष्ट सरकारी वकिलको कार्यालयबाट रिहा भएका थिए।

निर्मला प्रकरणको आन्दोलनकै क्रममा भीमदत्त नगरपालिका-१८ सालघारीका १४ वर्षीय शनी खुनाको निधन भएको भने अझै केही युवक शारिरीकरूपले नै अशक्त छन्। भदौ ८ गते सरकारले गृह मन्त्रालयका सहसचिव हरिप्रसाद मैनालीको संयोजकत्वमा डिआइजीहरु र उच्च तहका सरकारी अधिकारी सम्मिलित छानविन समितिले स्थलगत अध्ययनपछि मन्त्रालयमा बुझाएको प्रतिवेदन अझै कार्यान्वयन भएको छैन। मैनाली समिति बाहेक निर्मला प्रकरणमा राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकार सङ्गठन र प्रहरी प्रधान कार्यालयका तत्कालीन डिआइजी धिरु बस्न्यातको नेतृत्वमा पनि छुट्टाछुट्टै प्रतिवेदन पेश गरेका छन्।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरबाट उक्त घटनाको अनुसन्धान अधिकृत रहने प्रहरी नायब उपरीक्षक भने छोटो समयमै धेरै परिर्वतन हुनेक्रम देखिएको छ। शुरुवातमा घटनाको अनुसन्धान अधिकृतमा जिल्ला प्रहरी कार्यालयका तत्कालीन प्रहरी निरीक्षक (हाल निलम्बित) एकिन्द्र खड्का खटिएका थिए। प्रकरणको दुई वर्षमा जिल्ला प्रहरी कार्यालय कञ्चनपुरबाट पाँच जना अनुसन्धान अधिकृत फेरबदल भइसकेको प्रहरी स्रोतले जनाएको छ।

# झापामा क्षितिज साहित्य प्रतिष्ठान



**बिर्तामोड, साउन ११।** क्षितिज साहित्य प्रतिष्ठान झापाको अध्यक्षमा साहित्यकार तुलसीप्रसाद भट्टराई चयन भएका छन् ।

क्षितिज नाट्य समूह झापाको अगुवाईमा झापाको बिर्तामोड-१ देवी पञ्चकन्या उत्तरमा निर्माणाधीन बहुभाषी, बहुजाति, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटक घरमा आयोजित साहित्यकारहरुको भेलाले भट्टराईको अध्यक्षतामा नौ सदस्यीय तदर्थ समिति गठन गरेको हो ।

क्षितिज नाट्य समूह झापाको उपसमिति अन्तर्गत क्षितिज साहित्य प्रतिष्ठान झापाको गठन गरिएको क्षितिज नाट्य समूह झापाका केन्द्रीय अध्यक्ष माधब कल्पितले जानकारी दिए । नवगठित समितिको सचिवमा साहित्यकार डिल्लीराम परदेशी रहेका छन् भने सदस्यहरुमा साहित्यकारहरु ताराप्रकाश भट्टराई, जगन्नाथ अधिकारी, सीताराम भट्टराई, बिबेक निशानी, अन्सु सुवेदी, रञ्जन धमला, दुर्गा ओली रहेका छन् ।

झापा नाटक घर निर्माण व्यवस्थापन समितिका संयोजक ज्ञानुराम प्रसाईको अध्यक्षतामा भएको कार्यक्रममा क्षितिज नाट्य समूह झापाकी सदस्य देबीमाया प्रसाईले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा साहित्यकार तुलसीप्रसाद भट्टराईले औचित्यमाथि प्रकाश पार्दै झापामा साहित्य सृजना गर्दै रहेका नवोदित प्रतिभाहरुको पहिचान गरी उनीहरुका साहित्यिक प्रतिभाको प्रस्फुटन गर्ने उद्धेश्यले क्षितिज साहित्य प्रतिष्ठान झापाको गठन गरिएको बताए ।

क्षितिज साहित्य प्रतिष्ठान झापाको आयोजनामा हरेक महिनाको अन्तिम शनिबार नियमित रुपमा साहित्यिक कार्यक्रम गरिने उनले बताए । निकट भबिष्यमा झापाका सबै पालिकालाई समेट्दै क्षितिज साहित्य प्रतिष्ठान झापाको कार्यसमिति गठन गरिने उनले बताए ।

कार्यक्रममा झापा नाटक घर निर्माण व्यवस्थापन समितिका संयोजक ज्ञानुराम प्रसाईले लोप हुन लागेको भाषा, कला र साहित्यको संरक्षणमा क्षितिज साहित्य प्रतिष्ठान झापाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए ।

त्यस्तै क्षितिज नाट्य समूह झापाका केन्द्रीय अध्यक्ष माधब कल्पितले लोप हुन लागेको भाषा, कला र साहित्यको संरक्षण र सम्वर्द्धन गर्दै सबै जातजाति तथा भाषाभाषिको सामुहिक अपनत्व कायम गराउने उद्देश्यले क्षितिज नाट्य समूह झापाले बहुभाषी, बहुजाति, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटक घर निर्माण गरीरहेको बताए । उनले बहुभाषी, बहुजाति, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटक घरमा सबै क्षेत्रका श्रष्टालाई अवसर प्रदान गरी उनीहरुका प्रतिभा प्रस्फुटन गराउने बताए ।

सोही कार्यक्रममा क्रिएटिभ नेप्लिज युथकी संस्थापक सदस्य तथा मनतरंग परियोजनाकी प्रशिक्षक बिन्जु बरालले अहिले समुदायमा बढ्दै गरेको आत्महत्या र त्यसको न्युनिकरण गर्न युवाले खेल्नुपर्ने भूमिकाको वारेमा प्रकाश पारेकी थिइन् । क्षितिज नाट्य समूह झापाका सदस्य माधव सिटौलाले गीत प्रस्तुत गरेको कार्यक्रमको सञ्चालन क्षितिज नाट्य समुहका केन्द्रीय अध्यक्ष तथा झापा नाटक घर निर्माण व्यवस्थापन समितिका सचिव माधब कल्पितले गरेका थिए ।

# नाकाका प्रहरीलाई 'फेस शिल्ड' अनिवार्य

**मेचीनगर, साउन ११।** पूर्वीनाका काँकरभिट्टामा कार्यरत प्रहरीले कोभिड-१९ संक्रमणको जोखिमबाट बच्न 'फेस शिल्ड'को प्रयोग गर्न थालेका छन् । यसअघि मास्क, ग्लोब र स्यानिटाइजर मात्र लगाएर सीमाको ड्युटीमा खटिने नेपाल प्रहरीले अबदेखि अनिवार्य 'फेस शिल्ड'को प्रयोग गर्नुपर्ने नियम लगाइएको इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायब उपरीक्षक राजेन्द्र पोखरेलले बताए ।

पूर्वीनाका काँकरभिट्टा भारतबाट नेपालीहरु आउने मुलुकको प्रमुख स्थल नाका हो । यसै साता नाकामा कार्यरत २० सशस्त्र प्रहरीमा कोभिड-१९ संक्रमण भएपछि नेपाल प्रहरीले सतर्कता अपनाएको हो । इलाका प्रहरी कार्यालय काँकरभिट्टा मातहत सीमाक्षेत्रमा एक सय ४० प्रहरी परिचालित छन् । जसमध्ये सीमा, होल्डिङ सेन्टर, मोबाइल गस्ती र क्वारेन्टिनमा खटिएका प्रहरीलाई एन-९५ मास्क, स्यानिटाइजर, ग्लोब र 'फेस शिल्ड' अनिवार्य गरिएको उनले जानकारी दिए ।

कोभिड-१९ को संक्रमणबाट जोगिन प्रयोग हुने 'फेस शिल्ड', एन-९५ मास्क, ग्लोब र स्यानिटाइजर नेपाल प्रहरीले आफ्नै खर्चमा खरिद गरेको हो । १० थान गुणस्तरीय पिपिई सेट र एक सय १० थान रेनकोट जस्तै सामान्य पिपिइ सेटसमेत इलाका प्रहरी कार्यालयमा तयारी अवस्थामा राखिएको छ ।

हाल कार्यालयसँग ५० थान मात्र 'फेस शिल्ड' भएको हुँदा सबै प्रहरीले प्रयोग गर्न पाएका छैनन् । जोखिम क्षेत्रमा खटिनेले मात्र 'फेस शिल्ड' लगाएका छन् । इलाका प्रहरी कार्यालय काँकरभिट्टाका ४५ प्रहरीको यसै साता स्वाब परीक्षण गरिएको थियो । सबैको रिपोर्ट नेगेटिभ आएको प्रहरी नायब उपरीक्षक पोखरेलले जानकारी दिए ।



# गोरु काट्दै गर्दा पक्राउ

**मोरङ, साउन ११।** मोरङको सन्दरहरैंचा नगरपालिका-९ बाट प्रहरीले गोरु काट्दै गरेको अवस्थामा एकजनालाई पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय बेलबारीका प्रहरी निरीक्षक ऋषिराज ढकालका अनुसार गोरु काटेर मासु बेच्दै गरेको अवस्थामा २५ वर्षीय सुमन दनुवारलाई पक्राउ गरिएको हो । घटनास्थलबाट बरामद भएका गोरुको टाउको र खुट्टा परीक्षणका लागि पठाउने तयारी प्रहरीले गरेको छ ।

पक्राउ परेका दनुवारविरुद्ध पशुपक्षी सम्बन्धी कसुरमा कारबाही अघि बढाउन म्याद थप गरेर घटनाको अनुसन्धान अघि बढाइने प्रनि ढकालले बताए । उनले गोरु काटेको घटनामा अरुको पनि संलग्नता रहेको हुन सक्ने आशंकामा अनुसन्धानको दायरा फराकिलो पारिएको समेत बताए ।

# लेक लागेर मृत्यु

**सोलुखुम्बु, साउन ११।** सोलुखुम्बुको महाकुलुङ गाउँपालिका-३ छेस्काम निवासी एक किशोरीको लेक लागेर मृत्यु भएको छ ।

साउन ४ गते साथीहरूसँग सोही गाउँपालिकाको वडा नम्बर २ र ३ को सीमानामा पर्ने धार्मिकस्थल पाँचपोखरीमा पसल राख्न हिँडेकी १९ वर्षीया भविकुमारी कुलुङको लेक लागेर मृत्यु भएको हो ।

वडा नम्बर ३ को वक्तमेलवा भन्ने स्थानमा क्याम्प बनाएर बसेको समयमा उनलाई लेक लोगेपछि घरतर्फ झार्ने क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी निरीक्षक मन्दिप चौहानले जानकारी दिए ।

घटनास्थलमा प्रहरी चौकी छेस्कामको टोली पुगिसकेको र कानून प्रक्रिया पूरा गरी आफन्तलाई जिम्मा लगाइने प्रहरीको भनाइ छ । भौगोलिक हिसाबले विकट मानिने घटनास्थल पुग्न जिल्ला सदरमुकामबाट दुई दिन लाग्छ ।

# राजश्व संकलनमा कमी

**विराटनगर, साउन ११।** भूमिसुधार तथा मालपोत कार्यालय मोरङले आर्थिक वर्ष २०७६/०७७ मा रु. ६७ करोड ४६ लाख १७ हजार आठ सय ७८ राजश्व संकलन गरेको छ ।

कार्यालयले आ.व. २०७५/०७६ मा रु. ७२ करोड २७ लाख ८० हजार पाँच सय १० राजश्व संकलन गरेको थियो । तुलानात्मकरुपमा अघिल्लो आर्थिक वर्षभन्दा गएको आर्थिक वर्षमा रु. चार करोड ८१ लाख ६२ हजार छ सय ३२ ले कम राजश्व संकलन भएको लेखा अधिकृत शम्भुकुमार श्रेष्ठले जानकारी दिए ।

संकलित राजस्वमा घर जग्गा रजिष्ट्रेशन, बैंक दृष्टि, रोक्का लगायतबाट रु. ४६ करोड ३३ लाख ७४ हजार नौ, पूर्जा बिक्रीतर्फ रु. दुई लाख २४ हजार दुई सय ५०, बेरुजु दाखिलातर्फ रु. पाँच लाख ४५ हजार पाँच सय १६, पुँजीगत लाभकार रु. २० करोड ९७ लाख चार हजार छ सय ३३, न्यायिक दस्तुर रु. चार लाख ८९ हजार चार सय ५७ र अन्यबाट रु. दुई लाख २० हजार १३ रहेको छ ।

कोरोनाको महामारीका कारण नेपाल सरकारले गएको चैत ११ गते घोषणा गरेको बन्दाबन्दीले धेरै समयसम्म कार्यालयमा सेवाग्राही नआएकाले मालपोत कार्यालयबाट प्राप्त हुने राजस्वमा पनि असर परेको अधिकृत श्रेष्ठले बताए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयले गत आर्थिक वर्ष २०७६/०७७ मा रु. तीन करोड १९ लाख ९५ हजार पाँच सय राजश्व संकलन गरेको जानकारी दिएको छ । यी राजश्व सवारी नियम उल्लंघन गरेका कारण कारवाहीस्वरुप ट्राफिक प्रहरीले असुल गरेको छ । कारवाहीमा परेका १० हजार सात सय ७० ट्रकबाट रु. ६३ लाख ६६ हजार, तीन हजार ९१ बसबाट रु. २२ लाख २९ हजार, जीप/कारबाट १० हजार एक सय ७२ बाट रु. ५७ लाख १८ हजार, छ हजार ५१ ट्याक्टरबाट रु. ३७ लाख नौ हजार तथा मोटरसाइकल १९ हजार तीन सय चार थानबाट रु. एक करोड १५ लाख ८६ हजार पाँच सय रहेका छन् ।

मादकपदार्थ सेवन गरी सवारीसाधन गुडाउँदा दुई हजार एक सय ६५ जना, नो पार्किङ स्थानमा सवारीसाधन पार्किङ गर्दा एक हजार एक सय ६१ जनासहित तीन हजार नौ सय २१ जना कारवाही रु. २३ लाख ८७ हजार जरिवाना असुल गरेको ट्राफिक प्रहरी निरीक्षक राकेश पोद्दारले जानकारी दिए ।

# माल्टामा झापालीहरु संगठित

रामप्रसाद ढुंगेल

**झापा, साउन ११।** वैदेशिक रोजगारीको सिलसिलामा माल्टामा पुगेका झापालीहरु संगठित भएका छन् । झापा र झापालीहरुको सामाजिक, शैक्षिक, भौतिक विकासमा योगदान गर्ने उद्देश्यले शर्मिला बस्नेतको संयोजकत्वमा झापाली समाज माल्टा गठन गरिएको हो ।

सामाजिक सञ्जाल जुममा भएको भर्चुअल बैठकले बस्नेतको संयोजकत्वमा १५ सदस्यीय समिति गठन गरेको अन्तर्राष्ट्रिय झापाली समाजका अध्यक्ष छत्र सुब्बाले जानकारी दिएका छन् । झापाली समाज माल्टाको उपसंयोजकमा लोकराज पौडेल र सदस्यहरुमा उमेश गिरी, प्रविन थापा, द्रोणकुमार घिमिरे, मुक्ति पुरी, सुष्मा कार्की, नरेश चापागाईं, रोशन आचार्य, पार्वता उप्रेती, निशा सुवेदी, मनोज बस्नेत, पिंकुर तामाङ, नवीन भट्टराई र योगेश खड्का रहेका छन् ।

समितिले निकट भविष्यमा माल्टामा झापालीहरुको भेला र अधिवेशन आयोजना गरी समितिलाई पूर्णता दिने बताइएको छ । त्यस्तै बैठकले तीन जना सल्लाहकार समिति गठन गरेको छ । समितिको वरिष्ठ सल्लाहकारमा तेजबहादुर लिम्बू र सल्लाहकारमा नवीन गिरी र राजीव दाहाल रहेका छन् ।

बैठकमा अन्तर्राष्ट्रिय झापाली समाजका अध्यक्ष छत्र सुब्बा, राष्ट्रिय आविष्कार केन्द्र नेपालका अध्यक्ष डा. महावीर पुन लगायतले नवगठित समितिलाई बधाई तथा कार्यकाल सफलताको शुभकामना दिएका थिए । अन्तर्राष्ट्रिय झापाली समाजका पदाधिकारीहरुको समेत सहभागितामा सम्पन्न बैठकले नवगठित समितिलाई अन्तर्राष्ट्रिय झापाली समाजले अभिभावकत्व दिलाएर झापा र झापालीहरुको सेवामा सँगसँगै सहकार्य गरिने अन्तर्राष्ट्रिय झापाली समाजका संरक्षक दिनेश पोखरेलले बताए ।

माल्टामा कार्यरत झापालीहरुलाई एकता, सहयोग र सहकार्यको मुलमन्त्रमा आबद्ध गराएर त्यहाँका नेपालीहरुका सुख-दुःखमा साथ दिने समितिको मुख्य कामहरुमा एक रहेको बताउँदै संयोजक बस्नेतले आफ्नो क्षमताले भ्याएसम्म सामाजिक कार्यलाई निरन्तरता दिने बताइन् । उक्त समितिलाई अन्तर्राष्ट्रिय झापाली समाजले लिखित रूपमा शुभकामना व्यक्त गर्दै नयाँ सदस्य राष्ट्रका रुपमा मान्यता दिएको महासचिव खेमराज जमरकट्टेलले बताएका छन् ।

# कोरोनाले विदेशमा १६१ नेपालीको मृत्यु

**झापा, साउन ११।** विश्वभर महामारीका रुपमा फैलिरहेको कोरोना भाइरसको संक्रमणका कारण विदेशमा थप एक नेपालीको निधन भएको छ । गैरआवासीय नेपाली संघ अन्तर्गतको स्वास्थ्य समितिका अनुसार बेलायतमा थप एकजना नेपालीको निधन भएको हो ।

स्वास्थ्य समितिका संयोजक डा. सञ्जीव सापकोटाका अनुसार विदेशमा एक सय ६१ नेपालीको कोरोना संक्रमणका कारण निधन भएको छ । समितिका अनुसार अनुसार ३६ मुलुकमा रहेका ३१ हजार एक सय ५० कूल संक्रमितमध्ये २९ हजार दुई सय ४३ अर्थात् ९३ प्रतिशतभन्दा बढी नेपाली कोरोना संक्रमणमुक्त भएका छन् ।

त्यस्तै अफ्रिकी मुलुकमा कोरोना भाइरसबाट संक्रमित नेपाली मध्ये अधिकांश संक्रमणमुक्त भए पनि त्यहाँ संक्रमण दर केही बढेको छ । त्यस्तै युएई, कतार, कुवेत र साउदी अरबमा रहेका नेपालीमा पनि यो संक्रमण बढेको समितिले जनाएको छ । संघका अनुसार नेपालमा ज्यान गुमाएका ४५ जनासहित विश्वभर ज्यान गुमाउने नेपालीको संख्या दुई सय पुगेको छ ।

यसैबीच स्वास्थ्य समितिले सार्वजनिक स्थलमा जाँदा र सवारीसाधन प्रयोगका क्रममा अपनाउनुपर्ने स्वास्थ्य मापदण्ड तयार पारेको छ । समितिले सार्वजनिक स्थलमा जाँदा अनिवार्यरूपमा मास्कको प्रयोग गर्न समेत सुझाएको छ ।

**अलपत्र नेपालीको उद्धार**

यस हप्तासम्म ३४ हजार आठ सय ३० जना नेपालीको उद्धार गरिएको छ । संघ, विदेशस्थित कुटनीतिक नियोग एवम् नेपाल सरकारको सहकार्यमा विभिन्न २५ मुलुकमा कोरोना भाइरसको संक्रमणका कारण प्रभावित नेपालीलाई स्वदेश फर्काइएको हो ।

यद्यपि यही साउन ८ गते बिहीबारबाट नेपाल सरकारले तत्कालका लागि उद्धार उडान स्थगन गरेको छ । आगामी भदौ १ गतेबाट पुनः नियमित उडान हुनेछ । त्यस्तै मलेशिया, साउदी, कतार, युएई, कुवेत, बहराइन, ओमान, दक्षिण कोरिया लगायतका देशबाट यस हप्तासम्म दुई सय १६ जनाको शव नेपाल ल्याई परिवारलाई बुझाइएको छ ।

# सिमेन्टको गमलाले फेरियो भुपालको दैनिकी



तस्वीर : होमप्रकाश अधिकारी

**बिर्तामोड, साउन ११।** अर्जुनधारा-५ विहीबारे निवासी ५० वर्षीय भुपाल कार्कीको पेशा यतिबेला थपिएको छ ।

लक्ष्मीपुरमा निकीता भेराइटिज पसल सञ्चालन गरेर व्यापार गर्दै आएका उनी यतिकला सिमेन्टको गमला बनाउन व्यस्त भएका छन् । विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणवाट बच्न सरकारले लकडाउन जारी गरेका कारण व्यापार व्यवसाय चौपट्ट बनाएपछि विरक्तिएका उनी लकडाउनको समयलाई सदुपयोग गर्दै सिमेन्टको गमला बनाउन थालेको बताउँछन् ।

घरमा फूल रोप्न, तरकारी रोप्न सिमेन्टको गमला बनाउन थालेपनि पछि गाउँघरका अन्य मानिसले किनेर लैजान थालेपछि बिक्रीका लागि सिमेन्टका गमलाहरु बनाउँदै आएको उनी बताउँछन् । दैनिक एउटा सिमेन्टका गमला बनाउँदै आएका उनले हालसम्म दुई सयभन्दा वढी सिमेन्टका गमला बनाउँदै आएको बताए ।

आफूले उपयोग गर्न सिमेन्टका गमला वनाएपनि गाउँघरका अन्य मानिसले किनेर सिमेन्टका गमलाहरु लैजान थालेपछि अहिले एक हजार दुई सय ५० रुपैयाँसम्म सिमेन्टका गमलाहरु बेच्दै आएको कार्कीले बताए ।

जग्गाको अभावमा तरकारी रोप्न नपाएर चिन्तित बनेका किसानका लागि घरको छत, बार्दलीमा तरकारी रोप्न सिमेन्टका गमला उपयोगी हुने कार्कीले बताए । उनले भने- 'तरकारी रोप्नका लागि जग्गा जमिन नै चाहिन्छ भन्ने छैन । आफू बसेको घरको छत, बार्दलीमा सिमेन्टका गमला प्रयोग गरेर तरकारी रोप्न सकिन्छ ।'

छापाखाना
बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट
लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ कार्ड चाहिएको छ, हामीलाई सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
श्रुतिथिसदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९, ९८४२६२५३५३/९८१४०३६३४४

बिना अपरेशन सफल उपचार
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)



ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । चुनौति पन्छाएर काम बनाउन सकिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ । पुरुषार्थी कामले समाजमा स्थापित बनाउन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** रोकिएका काम बन्नाले मनग्गे लाभ हुनेछ । इर्ष्या गर्नेहरूले हार खानेछन् । जीतको सम्भावना छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** व्यापार लगायत आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ गर्ने समय छ । मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा बाधा पुग्नेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ । बुद्धिको उपयोग गर्दा लक्ष्य प्राप्त हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आम्दानीका स्रोत बढ्नेछन् । अपूर्ण ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । मेहनतले सम्मानित स्थान दिलाउन सक्छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** बौद्धिक अभिव्यक्तिको प्रभाव बढ्नेछ । सुखद् समाचारले उत्साह जगाउनेछ । आफन्तसँग असमझदारी बढ्नेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** घरेलु समस्याले निराश तुल्याउन सक्छ । तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बेसुरमा बोल्ने बानीले बित्थैमा दुःख पाइनेछ । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्‍याउनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** व्यावहारिक समस्याले सताए पनि सामाजिक कार्यले हौसला प्रदान गर्नेछ । समस्या दर्साएर पनि सहयोगीहरू फेला पार्न सकिनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** छोटो समयमा राम्रै उपलब्धि हातलागी हुनेछ । स्रोत-साधन जुट्नाले प्रतिफल प्राप्त हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** मेहनतले दैनिकीमा परिवर्तन ल्याउन सकिनेछ । रोकिएका काम बन्ने र नयाँ काम शुरु गर्ने समय छ ।